# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल

प्रेस विज्ञप्ति – २०६६ असार १६

---

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको बन्दसँगै उच्चायुक्तको कार्यालय-नेपालको पुनर्संरचना जारी**

उच्चायुक्तको कार्यालय-नेपालले आफ्नो आकार घटाउने तथा पुनर्संरचना गर्ने क्रममा पोखरास्थित आफ्नो पश्चिमाञ्चल क्षेत्रीय कार्यालय मङ्गलबार बन्द गर्नेछ।

वि.सं. २०६६ असार १७ देखि उच्चायुक्तको कार्यालय-नेपालका प्रधान कार्यालयका अतिरिक्त काठमाडौं, विराटनगर र नेपालगन्जमा तीनवटा क्षेत्रीय कार्यालय, जनकपुरमा एक उप-कार्यालय र धनगढीमा एक आयोजना कार्यालय हुनेछन्।

अब उच्चायुक्तको कार्यालय-नेपालको सम्पूर्ण कर्मचारी पद सङ्ख्या करिब १०२ (८० स्थानीय, २२ अन्तर्राष्ट्रिय) हुनेछ जब कि यस कार्यालयका कर्मचारी सन् २००७ डिसेम्बरमा उच्चतम बिन्दुमा पुगेका बेला यो सङ्ख्या १७७ (१०३ स्थानीय, ७४ अन्तर्राष्ट्रिय) थियो। अहिले कार्यालयमा प्रत्यक्ष रूपमा मानवअधिकारसम्बन्धी काम गर्ने ४१ कर्मचारी (२३ स्थानीय, १८ अन्तर्राष्ट्रिय) छन्। आफ्नो आकार घटाउनुपर्ने आवश्यकताले गर्दा पोखरास्थित पश्चिमाञ्चल क्षेत्रीय कार्यालय बन्द हुन गएको हो र धनगढीस्थित सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालयलाई अलिक सानो आयोजना कार्यालयमा परिणत गरिएको हो।

> “मध्यमाञ्चल क्षेत्रीय कार्यालय (काठमाडौं) तथा मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय (नेपालगन्ज)ले राष्ट्रिय मानवअधिकार आयोग र नागरिक समाजका सङ्गठनहरू – जोसँग पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले गत चार वर्षमा सम्बन्ध विकास गरेको छ – को निकट साझेदारीमा रही पश्चिमाञ्चल क्षेत्रमा आफ्नो कार्यलाई निरन्तरता दिनेछ,” उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो।

**For further information contact Chun B. Gurung, tel: 4280164, Ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org**
**Website: http://nepal.ohchr.org**